नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर
(................................................... शाखा)

☎ ०१-५४३५१२१, ०१-५४५५४७५

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

## ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेशः

जिल्ला सुरक्षा समिति, ललितपुरको मिति २०८३/०५/०७ को सिफारिस अनुसार स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम देहायका चार किल्ला क्षेत्रभित्र मिति २०८३/०५/०७ गते देखि लागु हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि सर्वसाधारण तथा सवारी साधन आवतजावत बाहेक कुनै पनि किसिमको सभा, जुलुस, भेला, धर्ना, घेराउ जस्ता कार्यहरु गर्न नपाउने गरी यो आदेश जारी गरिएको छ। यो आदेशको उल्लंघन गरी उल्लेखित कार्यहरु गरेको पाइएमा प्रचलित कानुन बमोजिम हुने छ।

देहायः

क) पुल्चोकस्थित यु एन हाउस र मन्त्री निवास क्षेत्रः
- पूर्वतर्फ इनारमोड जाने मूलसडक,
- पश्चिमतर्फ राष्ट्रिय किताबखाना (निजामती),
- उत्तरतर्फ आन्तरिक राजस्व कार्यालय,
- दक्षिणतर्फ राष्ट्रिय मानव अधिकार आयोग/द प्लाजा पाटी भेन्यु।

ख) भैंसेपाटी स्थित मन्त्री निवास क्षेत्रः
- पूर्वतर्फ भैंसेपाटीबाट बुंगमती जाने सडक,
- पश्चिमतर्फ सिजी हाउजिङ्ग,
- उत्तरतर्फ भैंसेपाटी आवास गेट,
- दक्षिणतर्फ इटनी जाने ओहालो सीमा कायम गरी सो भित्र।

मिति २०८३।०५।०७ गते

२०८३/०५/०७

प्रमुख जिल्ला अधिकारी